# कर्णाली प्रदेश सरकार

मा. सीता कुमारी नेपाली
मन्त्री
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल


मिति:२०७८/०५/०४

## प्रदेश स्थापना दिवस तथा सहिद दिवस-२०७८ को शुभकामना सन्देश ।

कर्णाली प्रदेश स्थापना दिवस तथा सहिद दिवस-२०७८ को अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण कर्णालीबासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । कर्णाली प्रदेश प्राप्तिको लागि आन्दोलनको क्रममा अग्रमोर्चामा लड्दा लड्दै आफ्नो अमूल्य जीवन बलिदान गर्ने महान् सहिदहरु टिकाराम गौतम, याम बहादुर वि.सी., गोपालसिं रजवार र हरि बहादुर कुँवरप्रति उच्च सम्मान सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै आन्दोलनको क्रममा घाइते हुनु भएका योद्धाहरुप्रति उच्च सम्मानसहित स्वास्थ्य लाभको कामना एवम् आन्दोलनमा सरिक हुनु भएका आम जनसमुदायप्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

कर्णाली प्रदेशबासीको छुट्टै प्रदेश स्थापना गरिनुपर्ने मागसहित करिब दुई हप्ता लामो समयसम्म चलेको प्रदेश प्राप्तिको आन्दोलनमा जीवन उत्सर्ग गर्ने चार जना वीर सहिदहरुको आहुती पश्चात वि.सं. २०७२ भाद्र ४ गते कर्णाली प्रदेश स्थापना भएको थियो । कर्णाली प्रदेश प्राप्तिको लागि बलिदान गर्नुहुने महान् सहिदहरुको सम्झना एवम् सम्मान र कर्णालीबासी वास्तविक रुपमा सम्प्रभु भएको यस ऐतिहासिक दिनको सुखद प्रदेश प्राप्तिको अवसरमा प्रदेश सरकारले आजकै दिनलाई प्रदेश स्थापना दिवस र सहिद दिवसका रुपमा मनाउने र कर्णाली प्रदेशभर सार्वजनीक बिदा दिने निर्णय गरेको छ ।

महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) ले सिर्जना गरेको विशेष परिस्थितिले गर्दा यस ऐतिहासिक दिनलाई व्यापक र हर्षोल्लासका साथ मनाउने अवस्था नरहेको हुँदा विश्व स्वास्थ्य सङ्गठन र नेपाल सरकारले निर्धारण गरेको स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी सबै सरकारी तथा सार्वजनिक कार्यालय, राजनैतीक दल, सञ्चारकर्मी र आमनागरिकहरुमा मिति २०७८ भाद्र ४ गते साँझ दिपप्रज्वलन लगायतका कार्यक्रमहरु गर्न/गराउनुहुन हार्दिक अपिल गर्दछु ।

अन्तमा, विकट भौगोलिक स्वरुप, आर्थिक विपन्नता, सामाजिक पछौटेपन र भौतिक विकासमा पछाडि रहेको यस प्रदेशलाई भौतिक, सामाजिक तथा आर्थिक विकासमा अगाडि ल्याउन "समृद्ध कर्णाली, सुखारी कर्णालीबासी" को नाराका साथ कर्णाली प्रदेश अगाडि बढेको छ । यस नारालाई सार्थक पार्ने प्रतिवद्धता व्यक्त गर्दै प्रदेश स्थापना दिवसको अवसरमा सबैमा शुभकामना व्यक्त गर्दै वीर सहिदहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।

*धन्यवाद!*

मा. सीता कुमारी नेपाली
(मन्त्री)
आन्तरिक मामिला तथा कानून मन्त्रालय


टेलिफोन नं.: ०८३-५२५७५० (कार्यालय) **E-mail:** nsita87@gmail.com **Web:** www.moial.karnali.gov.np